नेपाल सरकार

अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

# Financial Comptroller General Office

पत्र संख्याः २०७७/०७८ | आन्तरिक तथा आर्थिक प्रशासन शाखा | मितिः २०७७।०८।१५

चलानी नं.: 320

**विषयः मापदण्ड कार्यान्वयन सम्बन्धमा ।**

श्री निवृत्तभरण व्यवस्थापन कार्यालय,
श्री कुमारीचोक तथा केन्द्रिय तहशिल कार्यालय,
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय (सबै) ।

अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखाको च.नं. २१६, मिति २०७७।०८।१० को पत्राबाट नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।०७।२४ को निर्णयानुसार स्वीकृत भएको सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ कार्यान्वयन गर्नु/गराउनुहुन भनी लेखी आएकोले उक्त मापदण्ड कार्यान्वयन गर्नु/गराउनुहुन निर्णयानुसार अनुरोध छ।

८।१५

टोलेन्द्र कार्की
लेखा अधिकृत

स्वच्छ र सक्षम निजामती प्रशासन : समृद्धि र सुशासन

अनामनगर, काठमाण्डौ, फोनः ०१-४७७१२९०, ४७७१२९३, फ्याक्सः ०१-४७७१२९१
E-mail: info@fcgo.gov.np, Web: www.fcgo.gov.np

नेपाल सरकार

# अर्थ मन्त्रालय

(बजेट तथा कार्यक्रम महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- २०७७/७८
च. नं.:- २१६

मितिः २०७७/८/१०

विषयः मापदण्ड कार्यान्वयन सम्बन्धमा।

श्री महालेखा नियन्त्रक कार्यालय,
अनामनगर, काठमाण्डौ।

सार्वजनिक स्रोतको बढ्दो माग व्यवस्थापन गर्ने चुनौती रहेको वर्तमान अवस्थामा कोभिड-१९ को संक्रमणले आर्थिक क्रियाकलाप प्रभावित भई सार्वजनिक स्रोत परिचालनमा थप दबाब सिर्जना भएको र यस रोगको रोकथाम, नियन्त्रण र उपचारको लागि स्वास्थ्य क्षेत्रमा सरकारको खर्च बढाउन, अर्थतन्त्रको पुनरूत्थान गर्न, अनिवार्य दायित्व व्यवस्थापन गर्न तथा निर्माणाधिन आयोजनालाई निरन्तरता दिँदै सार्वजनिक खर्चलाई थप मितव्ययी एवं नतिजामुखी बनाउने उद्देश्यले नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/७/२४ को निर्णयानुसार स्वीकृत भएको ***सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७*** कार्यान्वयनका लागि यसै साथ संलग्न राखी पठाइएको छ। उक्त मापदण्ड तहाँ मातहतका सबै सार्वजनिक निकायहरुमा समेत परिपत्र गरी कार्यान्वयन गर्नु/गराउनु हुन मिति २०७७/८/१० को निर्णयानुसार अनुरोध गर्दछु।

(गोपालप्रसाद भट्टराई)
शाखा अधिकृत

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९९३, वि.ह.म. ४२११३१६
फ्याक्स नं. ४२११११६४, ४२११३४८ (बजेट म.), ४२११११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.mof.gov.np